**मिति २०८२/०२/१७ गतेको गाउँ कार्यपालिकाको १२ औं बैठकमा पेश भएका प्रस्तावहरु**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | अघिल्लो बैठकका निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा । | |
| २. | मुख्यमन्त्री रोजगार कार्यक्रम आयोजना स्पष्टता सम्बन्धमा | |
| ३. | विषयगत समितिका प्रतिवेदन छलफल । | |

**मिति २०८२/०२/१७ गतेको गाउँ कार्य पालिकाको १२ औं बैठकबाट भएका निर्णयहरुः**

१. यस गाउँ कार्यपालिकाबाट यस अघि भएका बैठकका निर्णय कार्यान्वयनको प्रगति समिक्षा गरियो ।

२. यस भगवतीमाई गाउँपालिका अन्तर्गत आगामी आ.व. २०८२/०८३ मा कार्यान्वयन गरिने मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना तथा कार्यक्रम मध्ये यस गाउँपालिकाबाट वडा नं. ५ को लागि सिफारिस गरिएको आयोजना मलुका थुवा प्रा.वि. बडालेख झुल्ला हुँदै चाख्ला सम्म पदमार्ग तथा सिढी निर्माण सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेशबाट पर्यटकीय स्थलको सिँढी तथा पदमार्ग हो भन्ने एकिन गर्नको लागि पत्राचार भएकोमा उक्त पदमार्ग वडा नं. ५ मा रहेको झुल्ला ढुङ्गा जोड्ने पर्यटकीय पदमार्ग रहेको हुँदा देहाय बमोजिम आयोजना परिमार्जन गरी पठाउने ।

<u>तपसिलः</u>

| क्र.सं. | आयोजनाको नाम | स्थान | विषयक्षेत्र |
|---|---|---|---|
| १. | मलुका थुवा प्रा.वि. वडालेक झुल्ला ढुङ्गा हुँदै चाख्ला सम्म पर्यटकीय पदमार्ग तथा सिँढी निर्माण | वडा नं. ५ | पर्यटन पूर्वाधार निर्माण |

३. यस गाउँ कार्यपालिका अन्तर्गतका विषयगत समितिहरु आर्थिक विकास, सामाजिक विकास, पूर्वाधा विकास, संस्थागत विकास र सुशासन, वन, वातावरण र विपद् व्यवस्थापन समिति र विद्येयक समितिबाट पेश भएका चालु आ.व. २०८१/०८२ का वार्षिक प्रतिवेदन २०८२ माथि दफावार छलफल गरियो र सो प्रतिवेदनहरु आगामी गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।